आकाशवाणी

Gadkari- MP Sikkim

लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बाले आज संसद भवनमा केन्द्रीय सडक परिवहन तथा राजमार्ग मन्त्री श्री नितिन गडकरीसँग भेट गरी सिक्किमको सडक मार्ग व्यवस्थापनसित सम्बन्धित माग पत्र ज्ञापन गर्नुभएको छ।

बैठकको क्रममा, डा. सुब्बाले सिक्किमको जीवन रेखा राष्ट्रिय राजमार्ग 10 को रेखदेखको जिम्मा NHIDCL लाई हस्तान्तरण गर्नमा केन्द्रिय मन्त्रीले देखाउनु भएको तत्परता प्रति आभार व्यक्त गर्नुभयो।

यसका साथै उहाँले मल्लीदेखि सिङ्ताम अनि सिङ्तामदेखि सेवकसम्मको वैकल्पिक राष्ट्रिय राजमार्गको स्वीकृति प्रक्रियालाई तीव्रता दिन केन्द्रिय मन्त्रीलाई आग्रह पनि गर्नुभयो।

यसका अतिरिक्त डा. सुब्बाले सोरेङ र गेजिङ जिल्लाहरूमा नयाँ राष्ट्रिय राजमार्गहरूको विकासको लागि औपचारिक अनुरोध पनि गर्नुभयो, जसमा  मानपुरदेखि लेगसेप जोरथाङ हुँदै राजमार्ग-710 र राजमार्ग-510 लाई जोडिनुपर्ने, नयाँबजार–दरम्दिन–सोमबारे–सोरेङ–कलुक–देन्ताम–चिवाभञ्ज्याङ मार्गलाई राजमार्ग बनाउन र गेजिङ, पेलिङ, योक्सोम, टासिडिङ मार्गलाई राजमार्गको रूपमा विकसित गर्न शिघ्रता देखाउन आग्रह गर्नुभयो।

Old Silk Route

पुरानो सिल्क रुट, जुलुकले भारतको सबैभन्दा सुन्दर मार्ग 'मोस्ट सिनिक रुट इन इन्डिया' पुरस्कार जितेको छ। यस ऐतिहासिक पुरानो रेशम मार्गलाई इन्डिया टुडे पर्यटन सर्वेक्षण तथा पुरस्कार २०२५ द्वारा 'भारतको सबैभन्दा सुन्दर मार्ग' को प्रतिष्ठित उपाधिबाट सम्मानित गरिएको हो। यो मान्यताले यस क्षेत्रको अद्भूत प्राकृतिक परिदृश्य र समृद्ध सांस्कृतिक सम्पदाप्रतिको प्रतिबद्धतालाई प्रतिबिम्बित  गरेको छ।

हालै नयाँ दिल्लीमा आयोजित इन्डिया टुडे ट्राभल अवार्ड समारोहमा उक्त पुरस्कार प्रदान गरिएको हो । पर्यटन विभागका प्रधान सचिव श्री सीएस रावको साथमा पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री छिरिङ टी भुटियाले उक्त सम्मान ग्रहण गर्नुभएको थियो।

आज मन्त्री श्री भोटिया अनि प्रधान सचिवले राज्यका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई भेट गरी पुरस्कारबारे जानकारी दिनुभएको थियो। यस महत् उपलब्धीका लागि मुख्यमन्त्री श्री तामाङले विभागलाई बधाई दिनुभएको छ। यस अवसरमा मुख्यमन्त्रीले सिक्किम सरकार यस ऐतिहासिक मार्गको प्राकृतिक आकर्षण र सांस्कृतिक महत्वको संरक्षण सुनिश्चित गर्दै पर्या पर्यटन र दिर्घमियादी यात्रा गन्तव्यका लागि प्रोत्साहित गर्न प्रतिबद्ध छ भन्नुभयो।

## Youth Parliament

विकसित भारत युवा संसद 2025 –मा सिक्किमका तीन प्रतियोगी सुश्री स्तुति प्रधान, सुश्री केजिया छेत्री अनि सुश्री स्मर्ना लेप्चाले आज नयाँ दिल्लीस्थित संसदको केन्द्रिय हलमा सम्पन्न प्रतियोगितामा राज्यको प्रतिनिधित्व गरे। भारत सरकारको खेलकूद तथा युवा मामिला मन्त्रालयद्वारा आयोजित यस राष्ट्रियस्तरको प्रतियोगितामा देशभरिबाट प्रतिभाशाली युवाहरू चयनित भएका थिए।

प्रतियोगितामा सामेल बनेपछि तीनै जना प्रतियोगीले आफ्नो विचार साझा गर्दै कार्यक्रमलाई अद्भूत र प्रेरणादायी बताएका छन्।

## Connect Earth

पाकिम जिल्लाका अतिरिक्त जिल्लापाल विकास-को कार्यालयले सिक्किम संयुक्त पर्यटन संघसँगको सहकार्यमा आज रर्बन कम्प्लेक्स पाकिममा सिक्किम इन्स्पायर्स अन्तर्गत कनेक्ट अर्थ अर्थात् धरतीसित जोडियौं कार्यक्रम अन्तर्गत स्वेट कन्ट्रिब्युसन सेन्टरको शुभारम्भ गरेको छ।

मानिसहरूलाई खेतीकिसानी गर्न प्रोत्साहित गर्न अनि बाँझो रहेका जमीनहरूको सदुपयोग गर्न यो कार्यक्रमको थालनी गरिएको हो। अतिरिक्त जिल्लापाल श्री रबिन प्रसाद सेवाले मानिसहरूलाई प्रकृतिसित जोडिन अनि खाद्य सुरक्षा र प्रकृतिको संरक्षणका लागि बाँझो जमिनको पुनरुत्थान गर्न आग्रह गर्नुभएको छ।

## Abhista Basnett

सिक्किमकी उदीयमान फुटबल खेलाडी सुश्री अभीष्ट बस्नेत भारतको अन्डर 17 महिला राष्ट्रिय टीमका निम्ति छनौट भएकी छन्। अहिले अभीष्टले राष्ट्रीय टीममा सामेल भई आवश्यक प्रशिक्षण लिइरहेकी छन्। उनको यस महत् उपलब्धीका लागि सिक्किम फुटबल एसोसिएसनले बधाई दिएको छ।

Weather Report

स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारीअनुसार बितेको चौबीस घण्टामा गान्तोक एवम् वरिपरिको क्षेत्रमा अधिकतम तापक्रम 23 दशमलव 3 डिग्री सेल्सियस  र न्यूनतम तापक्रम 14 दशमलव 1 डिग्री सेल्सियस रेकर्ड गरियो।